## वार्षिक नीति तथा कार्यक्रम, २०८२।०८३ को नीति तथा कार्यक्रम

जगन्नाथ गाउँपालिकाको दोस्रो गाउँसभा तथा सोही अधिवेशनमा गाउँसभामा उपस्थित सम्पुर्ण गाउँसभाका सदस्य, पत्रकार, सुरक्षाकर्मी र कर्मचारीहरु

- जगन्नाथ गाउँपालिकाको यस गरिमामय दोस्रो गाउँसभामा सभा अध्यक्षको हैसियतले विकासको लागि मार्ग दर्शकको रुपमा रहने स्थानिय सरकारको आर्थिक वर्ष २०८२।०८३ को वार्षिक नीति तथा कार्यक्रम प्रस्तुत गर्न पाउँदा गौरवान्वित भएको छु।

- मुलुकमा भएको राजनैतिक परिवर्तन संस्थागत भई संविधान कार्यान्वयनको चरणमा रहेकाले स्थानिय सरकारलाई विकास र समृद्धिको यात्रामा अघि बढ्न सहज हुँदै गएकोछ।देशको मानव विकास सुचकाँङ्क र विकासमा सबैभन्दा पछि परेको बाजुरा जिल्लाको जगन्नाथ गाउँपालिकामा आफ्नै चुनौति र समस्याका बाबजुद स्थानिय तह भित्र रहेका कृषि, जडीबुटी र जलस्रोतको उपयोग गर्नका लागि हामी प्रतिबद्ध छौ।

- उपलब्ध वित्तिय स्रोतको वितरण, आवश्यकता, समानुपातिक, समन्यायिकता एंव समावेशी ढंगले भौतिक पुर्वाधार निर्माण, आर्थिक समृद्धि र सुशासनको मार्गमा जगन्नाथ गाउँपालिका अघि बढिरहेको छ।जगन्नाथ गाउँपालिकालाई आत्मनिर्भर बनाउन कृषि, जलस्रोत र जडिबुटी व्यवसाय लगायतका क्षेत्रको विकास, बिस्तार र सुदृढीकरण गरिनेछ।

- जगन्नाथ गाउँपालिकालाई पारदर्शी, उत्तरदायी, समावेशी, विधिसम्मत र आम जनताको पहुँच स्थापित गर्ने गरी संचालन गर्नेछौ।नेपालको संविधानमा भएका नागरिकका मौलिक हक शिक्षा, स्वास्थ्य, रोजगारी र सामाजिक न्यायको हक अधिकारको प्रत्याभुत हुने गरी जगन्नाथ गाउँपालिकाको समग्र रुपमा यो नीति तथा कार्यक्रम कार्यान्वयन गरिनेछ।

"कृषि,शिक्षा,स्वास्थ्य,पर्यटन र पुर्वाधार
जगन्नाथ गाउँपालिकाको विकासको मूल आधार "

गाउँसभाका सदस्यहरु,

**जगन्नाथ गाउँपालिकाको आर्थिक बर्ष २०८२।०८३ को बार्षिक नीति तथा कार्यक्रम यस गरिमामय सभा समक्ष प्रस्तुत गर्दछु।**

१. गाउँपालिकाको स्वामित्वमा रहेका जग्गा जमीन, भवन, सवारी साधन, फर्निचर, मेसिन औजार लगायतका सबै भौतिक सम्पत्तिलाई सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणाली (PAMS) मा अभिलेखीकरण गरी व्यवस्थित गर्ने तर्फ उन्मुख गरिनेछ।गाउँपालिका मातहत रहेका सामुदायीक विद्यालय तथा स्वास्थ्य संस्थाको स्वामित्व वा उपयोगमा रहेका भवन तथा जग्गालाई समेत नक्शांकन गरी यस प्रणालीमा आवद्ध गर्दै लगिनेछ।

२. गाउँपालिकाले निर्माण गरेका सडक, पुल, बसपार्क, पार्क, उद्यान, चौतारो, खानेपानी तथा सिंचाई संरचना, झोलुङ्गे पुल, सार्वजनिक भवन लगायतका सार्वजनिक सम्पत्तिहरुको पनि पहिचान तथा नक्शांकन गरी सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणालीमा अभिलेखीकरण गर्ने कार्यको थालनी गरिनेछ।

३. गाउँपालिका क्षेत्रभित्र रहेका ऐतिहासिक, सांस्कृतिक तथा धार्मिक स्थल, सार्वजनिक तथा सामुदायिक भवन, पोखरी, धारा, खोला तथा पानीका मुहान, कुलो, घाट, पाटी, पौवा, सडकका दायाँ बायाँका रुख तथा नदी वा सार्वजनिक स्थानमा रहेको स्लेट, ढुंगा, गिट्टी, बालुवा एवं माटोजन्य बस्तु एवम् सार्वजनिक तथा ऐलानी जग्गामा रहेका काठ दाउरा,, दहत्तर बहत्तर र सार्वजनिक, ऐलानी, पर्ती जग्गा एवम् वन्यजन्तु तथा राष्ट्रिय वन बाहेक आफ्नो क्षेत्राधिकार भित्रको अन्य वन क्षेत्रको नक्शांकन गरी संरक्षण र उपयोगमा जोड दिने नीति लिइनेछ।

४. गाउँपालिका क्षेत्रभित्र रहेका प्राकृतिक स्रोतबाट आर्जन गर्न सकिने राजस्व सम्भावनाको अध्ययन गरी उपयोगमा ल्याउने र यी सम्पत्तिहरुलाई पनि क्रमशः सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणालीमा आवद्ध गर्दै लगिनेछ।

५. प्रर्याप्त पूर्वतयारी भएका र आर्थिक तथा प्राविधिक रुपमा सम्भाव्य आयोजना वा कार्यक्रम मात्र छनौट भएकाछन् भन्ने वस्तुगत आधार विना नै रकम विनियोजन गर्ने पद्धतिले विनियोजित रकम खर्च भएर पनि प्रतिफल प्राप्त नभएकोले यस समस्याको निराकरणका लागि गाउँपालिकाबाट गरिने सार्वजनिक लगानीलाई वित्तीय अनुशासन, विनियोजन कुशलता र खर्चमा दक्षता अभिबृद्धि गरी नतिजामुखी बनाउन विद्यमान योजना प्रणाली सुधारमा विशेष जोड दिइनेछ।

६. नतिजामुखी सार्वजनिक लगानीको सुनिश्चितताका लागि आर्थिक, सामाजिक, प्राविधिक र वातावरणीय दृष्टिले कार्यान्वयन योग्य आयोजना पहिचान, छनौट र प्राथमिकीकरण गर्ने आयोजना बैंक पद्धतिको

कार्यान्वयन मार्फत आयोजना छनौट प्रणालीलाई वस्तुपरक र तथ्यमा आधारित बनाई पूँजिगत लगानीमा विनियोजन दक्षता अभिवृद्धि गर्न र प्रतिफल सुनिश्चित गर्न जोड दिइनेछ ।

७. लैङ्गिक तथा जलवायु मैत्री मध्यमकालीन खर्च संरचना मार्फत आवधिक योजना, रणनीतिक वा गुरुयोजनालाई वार्षिक बजेटसँग आवद्ध गरी उपलब्ध स्रोत साधनलाई योजनाले निर्धारण गरेका प्राथमिकता अनुरुप परिचालन गर्ने पद्धतिलाई संस्थागत गर्दै लगिनेछ।

८. गाउँपालिकाको उपलब्ध स्रोतलाई महिला, बालबालिका, ज्येष्ट नागरिक, अपाङ्गता भएका व्यक्ति, यौनिक, अल्पसङ्ख्यक, सिमान्तकृत समुदायको आर्थिक एवम् सामाजिक सशक्तीकरणमा केन्द्रित गर्नका लागि बजेटको कम्तिमा १० प्रतिशत रकम त्यस्ता समुदायलाई प्रत्यक्ष लाभ हुने कार्यक्रमको निमित्त बजेट विनियोजन गर्ने निति अवलम्बन गरिनेछ।

९. जगाको मूल्याङ्कन प्रणाली वस्तुनिष्ट एवम् तथ्यमा आधारित नभएको कारण गाउँपालिकाले लगाउँदै आएको भूमीकर (मालपोत) राजस्व संकलनमा न्यूनता आउनुका साथै करदातामैत्री समेत हुन नसकेको हुँदा आगामी वर्षदेखि जगाको न्यूनतम मूल्याङ्कनलाई आधार योग्य, विश्वसनीय र बजार मूल्यको निकटवर्ती बनाउन मूल्याङ्कनका वस्तुगत आधार र सूचकहरू पहिचान गरी सोही आधारमा जगाको न्यूनतम मूल्याङ्कन गर्ने विधि अवलम्बन गरिनेछ।

१०. गाउँपालिका भित्र किसानले उत्पादन गरेका कृषि उपजलाई गाउँको उत्पादन बजार सम्म पुर्याउन र बजारीकरणका लागि कृषि एम्बुलेन्स सेवा संञ्चालनमा ल्याइनेछ ।

११. जगन्नाथ गाउँपालिकाको केन्द्र जुड्डीमा रहेको कोल्ड स्टोरलाई संञ्चालनमा ल्याएर किसानको उत्पादनलाई भण्डारण र बजारीकरणका लागि सरोकारवाला निकाय संग समन्वय गरिनुका साथै वडा नं १, पिलुचौर बजारमा साझेदार निकायहरु संग समन्वय गरी कृषि हाटबजार स्थापना गरिनेछ।

१२. गाउपालिका भित्र विभिन्न जातका मौसमी तथा बेमौसमी फलफूल तथा तरकारीका बेर्ना उत्पादनका लागि हाइटेक नर्सरी स्थापना गर्नुका साथै तरकारी र फलफूल (ड्रयागन, आप, कागती, सुन्तला, किवि, ओखर, स्याउ र केरा) जातका बिरुवा वितरणको कामलाई उच्च प्राथमिकता दिई व्यवसायिक खेति गर्ने किसानलाई प्रोत्साहन गरिनेछ।

१३. कृषि उपजको मूल्य अभिवृद्धि, नबिकरणीय उर्जाको प्रयोग गरी ग्रेडिंग, भण्डारण, प्याकेजिंग, प्रोसेसिंग (अचार, चाना, गुन्द्रुक, जुश आदि) कार्यक्रमलाई अघि बढाउने र स्थानीय स्तरमै रोजगारीको अवसर सिर्जना गरिनेछ।

१४. एक घर एक करेशा बारी कार्यक्रमलाई निरन्तरता, व्यवसायीक तरकारी खेती र फलफुल खेतिमा सिंचाइ प्रणाली विकास गर्न कृषि औजार, पाइप, सिंचाइ ट्याकी, बगैचा घेरबार र साना सिचाइ योजनालाई प्राथमिकता दिइनेछ।

१५. गाउँपालिका भित्र उपयोगमा नआएको सरकारी, बाँझो जमिनमा व्यवसायीक फलफूल, मसला र जडीबुटी खेति गर्नका लागि समुह तथा सहकारीलाई प्रोत्साहन गरिनेछ।

१६. कृषकहरुलाई नविनतम प्रबिधिबाट खेति गर्नका लागि कृषि औजारहरुमा ५० प्रतिशत अनुदान उपलब्ध गराइनुका साथै भौगोलिक रुपमा माटो सुहाँउदो एक वडा एक उत्पादन कार्यक्रमलाई कार्यान्वयनमा ल्याई पकेट क्षेत्रको रुपमा विकास गरिनेछ।

१७. खाद्यान्न र तरकारी बालीको उत्पादन बृद्धि गर्न, उन्नत बिउ, मल र सिचाइमा जोड दिई कृषि उत्पादकत्व बढाई खाद्य सुरक्षाको प्रत्याभुति गर्नुका साथै रैथाने बालीको जगेर्ना, बिउ उत्पादन तथा संरक्षण र कृषिजन्य उत्पादनलाई बजारीकरणका लागि सहजिकरण र समन्वय गरिनेछ।

१८. जगन्नाथ गाउँपालिकाको सबै वडाहरुमा माटो परिक्षणका लागि प्रदेश तथा संघिय सरकारको समन्वयमा सिफारिस गरिएका कृषि वाली तथा फलफुल खेतीलाई बिस्तार गरिनेछ।

१९. स्थानीय कृषि जन्य उत्पादनको मुल्य निर्धारण गर्नुका साथै उत्पादनमुखी सहकारी र सरकारी तथा गैह्र सरकारी संघ संस्थाहरु संग साझेदारीका कार्यक्रम संञ्चालन गरिनेछ ।

२०. गाउँपालिका भित्र पशु स्वास्थ्य शिविर, खोप संञ्चालन र औषधी उपकरण सहज रुपमा उपलब्ध गराइनेछ।

२१. गोठ, खोर, भकाँरो सुधार कार्यक्रम र मलखाद व्यवस्थापनलाई अभियानका रुपमा संचालन गरि कम्पोष्ट मल उत्पादनमा जोड दिइनेछ।

२२. अति विपन्न घरधुरीलाई उन्नत जातका रागा, बोका र थुमा वितरण गर्नुका साथै व्यवसायीक रुपले पशुपालन गरिरहेका कृषकलाई बिमा गर्नका लागि कृषकहरुलाई सम्बन्धित निकाय संग समन्वय गरिनेछ।

२३. व्यवसायीक रुपले कृषि तथा पशुपालन गरिरहेका उत्कृष्ट कृषकहरुलाई पुरस्कारको व्यवस्था गरिनेछ।

२४. बहुक्षेत्रिय पोषण कार्यक्रमलाई प्रभावकारी रुपमा संञ्चालन गर्नका लागि गाउँपालिकाले साझेदार निकायहरु संग समन्वय गरिनेछ।

२५. जगन्नाथ गाउँपालिकाको दश बर्षे गाउँशिक्षा योजना निर्माण गरि आगामी शैक्षिक शत्र देखि सम्पुर्ण सामुदायिक विद्यालयहरुमा गाउँ शिक्षा योजना लागु गर्नुका साथै स्थानीय पाठ्यक्रम लेखनका लागि आवश्यक बजट विनियोजन गरिनेछ ।

२६. विद्यालय व्यवस्थापन समिति, शिक्षक, वालवालिका र जनप्रतिनिधि बिच शैक्षिक सम्मेलन कार्यक्रम संञ्चालन गर्नुका साथै प्रधानाध्यापक र विद्यालय व्यवस्थापन समितिका अध्यक्षहरुलाई शैक्षिक अध्ययन अवलोकन भ्रमणको व्यवस्था गरिनेछ।

२७. सामुदायिक विद्यालयलाई प्रविधीमैत्री बनाउनका लागि विद्यालयमा ल्यापटप, प्रिन्टर र इन्टरनेटको व्यवस्था गर्नुका साथै विद्युतको पहुँच नभएका विद्यालयमा सोलारको जडान गरिनेछ।

२८. गाउँपालिका स्तरीय बार्षिक परिक्षालाई व्यवस्थित गर्नुका साथै सामुदायीक विद्यालयबाट कक्षा ५, ८ र SEE मा उत्कृष्ठ नतिजा ल्याउने वालवालिकालाई सम्मान सहित पुरस्कृत गरिनेछ ।

२९. गाँउपालिका भित्रका स्थायी बासिन्दाका वालवालिका सामुदायीक विद्यालयबाट SEE गरेका दलित, बिपन्न र असहाय वालवालिकाहरुलाई प्राविधिक शिक्षा (पिसिएल नर्सिङ्ग,एच.ए.,ओभर सियर,फार्मेसी, ल्याव टेक्नीसियन, रेडियो ग्राफर, कविराज, नेत्र सहायक ,बालीविज्ञान, पशुबिज्ञान, बागवानी बिज्ञान, एम.वि.वि.एस., वि.पि.एच., वि.एन., ईन्जिनियरिङ्ग, सुचना प्रविधि र वनबिज्ञान अध्ययनका गरिरहेका वालवालिकाहरुलाई दलित, विपन्न जेहेन्दार छात्रबृत्तिका लागि रकम विनियोजन गरेकोछु।

३०. लेखा प्रणालीलाई चुस्तदुरुस्त राख्नका लागि विद्यालयका लेखापाल र प्रधानाध्यापकलाई दोहोरो लेखा प्रणाली, जिन्सि तालिम, शैक्षिक तथ्याँक व्यवस्थापन सम्बन्धि तालिम, मासिक रुपमा प्र.अ.बैठक, अनुगमन र मुल्याँङ्कनलाई प्रभावकारी रुपमा कार्यान्वयन गरिनेछ।

३१. वालवालिकाको सिकाई उपलब्धिलाई बढाउनका लागि नेपाल सरकारले तोकेको मापडण्ड अनुसारको स्रोतसाधनको व्यवस्था गरि वालविकास केन्द्रका सहजकर्ताहरुका लागि मन्टेश्वरी तालिमको व्यवस्था गरिनेछ।

३२. खेल क्षेत्रको विकासका लागि विद्यालय स्तरीय, स्रोत विद्यालय स्तरिय, गाउँपालिका स्तरिय अतिरिक्त क्रियाकलाप र रास्ट्रपति रनिङ शिल्ड संचालन गर्नुका साथै गाउँपालिकाबाट जिल्ला र प्रदेश स्तरीय राष्ट्रपनि रनिङ्ग शिल्डमा प्रथम, द्धितिय र तृतिय स्थान प्राप्त गर्ने खेलाडीहरुलाई पुरस्कार सहित सम्मान गरिनेछ।

३३. गाउँपालिका भित्रका ६ वटा माद्यमिक विद्यालयमा स्काउट गठनका लागि आवश्यक बंजेटको व्यवस्था मिलाइनेछ।

३४. वालवालिकाको सर्वाङ्गिण विकासका लागि सामुदायीक विद्यालयका खेल शिक्षकहरुलाई खेलकुद सम्बन्धि तालिमको व्यवस्था गरिनेछ।

३५. कक्षा ११ र १२ लाई पुर्ण रुपमा निशुल्क गरिनुका साथै कक्षा ११ र १२ संञ्चालन भएका विद्यालयहरुमा दिँदै आएको अनुदानलाई निरन्तरता दिइनेछ।

३६. बिद्यार्थी संख्याको आधारमा गाउँपालिका शिक्षक पदपुर्ति गर्नुका साथै नजिक दुरी भएका र विद्यार्थी संख्या कम भएका विद्यालयहरुलाई समायोजनको नीति अवलम्बन गरिनेछ।

३७. विद्यालयका प्रधानाध्यापक संग करार सम्झौता गर्नुका साथै तहगत र बिषयगत शिक्षकको आवश्यकता र विद्यार्थी संख्याको अनुपातको आधारमा दरबन्दी मिलान तथा पदस्थापना गरिनेछ।

३८. विभिन्न संघसंस्था संग साझेदारी गरि शैक्षिक गुणस्तर अभिबृद्धिका लागि शिक्षकहरुको क्षमता अभिवृद्दि गर्न परिमार्जित पाठ्यक्रम अनुसार समयाअनुकुल बिषयगत र तहगत रुपमा शिक्षक तालिमको व्यवस्था गरिनेछ।

३९. विद्यालय स्वास्थ्य तथा पोषण कार्यक्रम अन्तरगत वालवालिकाको पोषण सुधारका लागि दिवा खाजा कार्यक्रमलाई प्रभावकारि रुपमा कार्यान्वयनका गर्नका लागी एक विद्यालय एक भान्साकोठा निर्माण कार्यक्रम अन्तरगत १५ वटा सामुदायिक विद्यालयहरुमा भान्सा कोठा निर्माण र तरकारी आपुर्तिका लागि आवश्यक बजेट विनियोजन गरिनेछ।

४०. विद्यालयमा विद्यार्थिको बसाई व्यवस्थापनलाई प्रभावकारी बनाउन आवश्यकताका आधारमा कार्पेट, पि -फर्म वितरण गरिनुका साथै कक्षा ८ देखि १२ संचालित विद्यालयमा फर्निचर, खानेपानी, शौचालय निर्माण गरिनुका साथै ICT lab, पुस्तकालय र विज्ञान प्रयोगशालाको व्यवस्था गरिनेछ।

४१. विद्यार्थीहरुको सिकाई उपलब्धी वृद्धि गर्न कक्षा ८ र १० मा अध्यनरत विद्यार्थिहरुलाई गणित, विज्ञान र अंग्रजी विषयहरु अध्यापन गर्नका लागि रिमेडियल कक्षा संञ्चालन गरिनेछ।

४२. संस्कृत शिक्षाको प्रवर्धन गर्न बैद्धिक सनातन गुरुकुल विद्यापिठलाई दिइने अनुदानका कार्यक्रमहरुलाई निरन्तरता दिनुका साथै थप अनुदानका लागि विभिन्न निकायहरु संग समन्वय गरिनेछ।

४३. शिक्षकको कार्य सम्पादन मुल्याङ्कन र कार्यक्षमताका आधारमा शिक्षकलाई पुरस्कार र दण्डको व्यवस्था गरिनेछ।

४४. आगामी शैक्षिक शत्रबाट सामुदायीक विद्यालयहरुको पठनपाठन अंग्रेजी माध्यमबाट शुरुवात गर्नका साथै सामुदायिक सिकाई केन्द्रहरुलाई सामुदायिक पुस्तकालय र सामुदायिक सुचना केन्द्रको रुपमा विकास गर्न सहयोग गरिनेछ।

४५. १० शैंया अस्पतालका लागि आवश्यक औषधी, उपकरण र जनशक्ति व्यवस्थापन लागि बजेटको व्यवस्था गरिनेछ।

४६. गाउँपालिका भित्रका बिपन्न नागरिक, उपचार गर्नका लागि भाडा तिर्न नसक्ने व्यक्ति, दैवि प्रकोपमा परेका तथा विपन्न गर्भवती महिला सामुदायीक स्वास्थ्य इकाईमा सुत्केरी हुन नसकेमा बिरामीहरुलाई कोल्टी र जुड्ढी सम्म लिनुपर्ने भएमा उनिहरुका लागि निशुल्क एम्बुलेन्सको व्यवस्था मिलाइनेछ।

४७. १० शैंया अस्पतालमा आवश्यक उपकरण सहित बर्थिङ्ग सेन्टर, भिडियो एक्सरे,ओटिसी स्थापना, डट्सको व्यवस्था र एम.एच. सेवा संञ्चालन गरिनेछ।

४८. १० शैंया अस्पतालमा फार्मेसीको स्थापना, स्वास्थ्य संस्थाहरुमा इन्टरनेट जडान, फर्निचर, खानेपानी ,शौचालय र शोलारको व्यवस्था गरिनेछ।

४९. सुरक्षित गर्भवति सेवाका लागि एस.बिए.तालिम, गर्भवति महिलाको स्वास्थ्य परिक्षण, ९० बर्ष भन्दा माथिका जेष्ठ नागरिकहरुलाई घरमै निशुल्क स्वास्थ्य परिक्षण र सम्मान गरिनेछ।

५०. गाउँपालिकामा बिशेषज्ञ डाक्टर सहितको स्वास्थ्य शिविर संचालन गर्नुका साथै स्वास्थ्य बिमा कार्यक्रमलाई प्रभावकारी रुपमा कार्यान्वयन गरिनेछ।

५१. सुनौला हजार दिनका आमा र किशोरीहरुलाई पोषण सुधारका लागि विभिन्न खालका नीति, योजना तथा कार्यक्रमहरु संञ्चालन गरिनेछ।

५२. आयुर्वेद घुम्ति शिविर संञ्चालन र औषधी उपकरण खरिदका लागि आवश्यक रकमको व्यवस्था गरीनेछ।

५३. आर्थिक बर्षको शुरुमा नै उपभोक्ता समिति, जनप्रतिनिधि र प्राविधिकहरु बिच योजना संञ्चालनका बिषयमा अन्तरक्रिया कार्यक्रम संञ्चालन गरिनेछ।

५४. गाउँपालिकाको केन्द्र देखि वडा कार्यालय सम्म जोडने शाखा सडकलाई पहिलो प्राथमिकता दिई बाहै महिना संञ्चालनमा ल्याउने गरी स्तरोउन्नती गरिनेछ।

५५. नागरिकहरुलाई स्वच्छ खानेपानीको सुनिश्चतताका लागि खानेपानीका पुर्वाधार निर्माण, स्रोत र मागको आधारमा एक घर एक धाराको अवधारणालाई निरन्तरता दिइनेछ।

५६. खानेपानीको मुहान दर्ता, संरक्षण, मर्मत संभार कोष, मासिक शुल्क, खानेपानी सुरक्षा योजना तयार गरी सोही अनुसार कार्यक्रम संञ्चालन गरीनेछ।

५७. पुराना र अवस्था बिग्रिएका सिंचाइ,खानेपानी,विद्यालय भवन,स्वास्थ्य संस्था,सडक,बाटो,पुल पुलेसा र अन्य आयोजनाहरुको स्तरोन्नती गरी दिगो बनाइनेछ ।

५८. जुड्डी खोला, भुकाँ खोला र बड्डीगाड लघु जलविद्युत आयोजनाको स्तरोउन्नतीका लागि नियमित विद्युत सेवा संचालन र लेखा प्रणालीलाई व्यवस्थित गर्न विद्युत सहकारी संग समन्वय गरी साझेदारीका कार्यक्रमहरु संञ्चालन गर्नुका साथै आवश्यकताका आधारमा अनुदान दिइनेछ।

५९. स्थानीय तहको कोष निर्धारण, ज्याला र ढुवानी भाडाको दररेट निर्धारण गरी लागु गरिनेछ।

६०. गाउँपालिका भित्रका बेरोजगार व्यक्तिको तथ्याँक संकलन र अद्यावधिक गर्नुका साथै युवाहरुलाई मागको आधारमा सिप मुलक तालिम (सिलाई कटाइ, प्लम्बिङ्ग, अटो मोवाइल, मोवाइल मर्मत, हाउस वाइरिङ्ग, ड्राइभिङ्ग, जे.सि.वि अपरेटर र कम्पुटर मर्मत) संचालन गरिनेछ।

६१. गाउँपालिकाले वेरोजगार व्यक्तिहरुलाई रोजगार दिने उद्धेश्यका साथ राष्ट्रिय रोजगार कार्यक्रममा सूचिकृत १८ देखि ५९ बर्ष उमेर समुहका युवायुवतीहरुलाई श्रम संसार प्रणालीमा आवद्ध गर्दै लगिनेर बार्षिक १०० दिनको रोजगारी उपलब्ध गराँइनेछ।

६२. जगन्नाथ गाउँपालिकाबाट वैदेशिक रोजगारीमा गएका युवायुवतीहरुलाई सूचना, परापर्श दिन, वैदेशिक रोजगारलाई सुरक्षित र मर्यादित बनाउनका लागि सुरक्षित आप्रवासन कार्यक्रम (SaMi) संग समन्वय र साझेदारीका कार्यक्रमहरु संञ्चालन गरिनेछन् ।

६३. राष्ट्रिय वन, सामुदायीक वन, धार्मिक वन, कबुलियती वन, नीजि वनको संरक्षण र बृक्षारोपण कार्यक्रमलाई प्रभावकारी बनाउन सामुदायीक वन उपभोक्ता समिति र जिल्ला वन कार्यालय संग समन्वय गरि आगलागि र डडलो नियन्त्रणका कार्यक्रम संञ्चालन गरिनेछ।

६४. हरियाली बढाऔ, खडेरी बाट मुक्त होऔ भन्ने नारालाई कार्यान्वियन गर्न खाली जग्गामा अनिवार्य रुपमा प्रति घरधुरीले ५ वटा बिरुवा रोप्नका प्रोत्साहन गरिनेछ।

६५. घरेलु, कुटिर उद्योग स्थापना गर्ने व्यक्ति र फर्मलाई प्रोत्साहन गर्नुका साथै संचालनमा रहेका कुटिर उद्योगलाई दर्ता प्रक्रियामा ल्याउनुका साथै अनुदानको व्यवस्था गरिनेछ।

६६. उद्यमशिलता विकास गरी लघु उद्यमी तयार गर्न गरिवी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम(मेडपा) मार्फत विपन्न युवायुवतिहरुलाई सीपमुलक तालिमहरु संचालन गरिनेछ।

६७. गाउँपालिकामा भए गरेका क्रियाकलापहरुलाई विद्युतिय र छापा माध्यम मार्फत सार्वजनिकि करण गरि पारदर्शिता र जवाफदेहिता अभिबृद्धि गरिनेछ।

६८. नागरिकको सूचना पाउने हक अधिकारलाई आत्मसात गरि गाउँपालिकाले आफ्ना गतिबिधिहरुलाई सूचनापाटी, स्थानिय पत्रपत्रिका, ओइभसाइट, एफ.एम.रेडियो मार्फत सूचना प्रकाशन र प्रशारण गर्ने व्यवस्था मिलाइनेछ।

६९. विपद जोखिम न्युनिकरण, खोज उद्धार तथा राहत सम्बन्धि कार्यलाई प्रभावकारी रुपमा सम्पन्न गर्न विपद व्यवस्थापन कोष स्थापना गरि पिडितलाई राहत उपलब्ध गराईनेछ।

७०. गाउँपालिकाको विपद जोखिम योजना तयारी, निर्णय र मापदण्डका आधारमा राहत वितरण गर्ने व्यवस्था मिलाउनुका साथै पालिका स्तरीय विपद प्रतिकार्य योजना बनाई कार्यान्वयनमा ल्याइनेछ।

७१. विपदमा परेका लाभग्राहीहरुको घर पुर्ण रुपमा क्षति भएका घरको पुननिर्माण कार्यका लागि १० प्रतिशत रकम लागत साझेदारी गरिनेछ।

७२. बाढी पहिरो, आगलागी, सुक्खा खडेरी जस्ता प्राकृतिक बिपत्तिमा परेका व्यक्तिको उद्धार गरी तुरुन्त राहत उपलब्ध गराउन नेपाल प्रहरी, नेपाल रेडक्रस सोसाइटी र नेपाली सेना संग समन्वय गरी उद्धार, राहत र प्राथमिक उपचार गर्ने व्यवस्था मिलाईनेछ।

७३. जगन्नाथ गाउँपालिका वडा नं १ देखि ६ सम्म होटल, पसल र फर्म संचालन गरेर दर्ता प्रकियामा नआएका व्यवसायीहरुलाई दर्ता प्रक्रियामा ल्याउने, बजार अनुगमन कार्यलाई निरन्तरता दिने र नियमित बजार अनुगमन मार्फत उपभोग्य बस्तुहरुको चेकजाँच गरिनेछ।

७४. न्यायमा पहुँच नपुगेका एकल महिला, दलित, हलिया, खलिया, अपाङ्गता भएका व्यक्ति, हिंशा पिडित महिला, बालबालिका, जेष्ठ नागरिक र असहाय व्यक्तिहरुका लागि निशुल्क कानूनी सहायता तथा परामर्श सेवा दिने व्यवस्था मिलाइनेछ।

७५. समाजमा परम्परा देखि मनाउदै आएका धार्मिक तथा साँस्कृतिक चाडपर्वहरु मनाउन आवश्यक बजेटको व्यवस्था गरिनेछ।

७६. स्थानीय बाजा, कला र संस्कृतिको संरक्षणका लागि आवश्यक बजेटको व्यवस्था गरिनेछ।

७७. गाउँमा रहेका युवायुवती र कक्षा ८ देखि १२ सम्मका वालवालिकाहरुलाई विद्यालय र समुदायमा कानूनी सचेतना मुलक गोष्ठीहरु संञ्चालन गरिनेछन्।

७८. वालविवाह, छाउपडी, जातिय छुवाछुत, महिला हिंसा, कुरिति र भेदभाव अन्त्य गर्न सशक्तिकरणका कार्यक्रमहरु संचालन गरिनेछन।

७९. जनप्रतिनिधि. कर्मचारी, न्यायीक समितिका सदस्य र सामुदायीक मेलमिलाप कर्ताको क्षमता विकास गरिनेछ।

८०. गाउँपालिकाले दिदै आएको ग र घ बर्गका अपाङ्गहरुको भत्तालाई निरन्तरता दिनुका साथै परिचय पत्र नपाएर अपाङ्ग भत्ता बाट बन्चित व्यक्तिहरुलाई परिचय पत्र वितरण गर्ने व्यवस्था मिलाइनेछ।

८१. सामाजिक सुरक्षालाई व्यवस्थित गर्नका लागि ७ वटा Biometric Verification Device खरिद गरि संञ्चालनमा ल्याइनेछन्।

८२. शान्ति सुरक्षाको प्रत्याभुति, भष्ट्राचार नियन्त्रण, सुशासन र सेवा प्रवाहलाई प्रभावकारी बनाइनेछ।

८३. सार्वजनिक सेवालाई सर्वसुलभ, छिटो छरितो र प्रविधिमैत्री बनाईनेछ।सेवाग्राहीबाट पृष्ठपोषण लिने र नागरिकबाट प्राप्त गुनासोहरुको तत्काल समाधान गर्ने व्यवस्था मिलाईनेछ।

८४. कर्मचारी र जनप्रतिनिधिहरुको क्षमता विकासका लागि समय सापेक्ष तालिम, गोष्ठी, संञ्चालन गरिनेछ र कार्यक्षमताका आधारमा पुरस्कार र दण्डको व्यवस्था गरिनेछ।

८५. जगन्नाथ गाउँपालिकाको आर्थिक, भौतिक र शैक्षिक क्षेत्रको विकासका लागि जगन्नाथ गाउँपालिकामा कार्यरत गैह्र सरकारी संघ संस्था, (RERAS, AEPC/RERL& WFP) नेपाल सरकार, राष्ट्रिय तथा अन्तराष्ट्रिय गैहसरकारी संघसंस्था र दातृ निकाय संग समन्वय गरिनेछ।

धन्यवाद

कालि बहादुर शाही
गाउँसभा अध्यक्ष
मिति २०८२।०३।०९

जगन्नाथ गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय जुड्डी, बाजुरा सुदूरपश्चिम प्रदेश, नेपाल